नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

# बुढीगण्डकी जलविद्युत् आयोजनाको वातावरण, मुआब्जा वितरण, पुनर्वास तथा पुनर्स्थापना इकाईको संयोजक पदका लागि आवेदन माग गरिएको सूचना

प्रकाशित मिति : २०७८।११।०२ गते

बुढीगण्डकी जलविद्युत् आयोजनाको वातावरण, मुआब्जा वितरण, पुनर्वास तथा पुनर्स्थापना इकाईको संयोजक पदमा बढीमा २ वर्षका लागि हुने प्रतिस्पर्धात्मक छनौट प्रक्रियामा सहभागी हुन देहायबमोजिमका योग्यता भएका इच्छुक नेपाली नागरिकलाई यो सूचना प्रथमपटक प्रकाशित मितिले ७ (सात) दिनभित्र ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयमा आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। यस सम्बन्धी थप जानकारी आवश्यक भएमा यस मन्त्रालयमा सम्पर्क गर्नु हुन अनुरोध छ।

**१. योग्यता र अनुभव**

(क) उमेर : ३५ वर्ष पूरा भई ६१ वर्ष ननाघेको, (ख) शैक्षिक योग्यता : मान्यता प्राप्त शैक्षिक संस्थाबाट इन्जिनियरिङ्ग वा व्यवस्थापन वा समाजशास्त्र वा जनप्रशासन वा वातावरण वा कानुन विषयमा कम्तीमा स्नातकोत्तर शैक्षिक योग्यता हासिल गरेको, (ग) जग्गा प्राप्ति, मुआब्जा वितरण, पुनर्वास तथा पुनर्स्थापना, वातावरणीय व्यवस्थापनसम्बन्धी नीति निर्माण वा आयोजना सञ्चालन कार्यको क्षेत्रमा कम्तीमा ७ (सात) वर्षको अनुभव भएको हुनुपर्ने, (घ) कुनै सरकारी सेवा वा सार्वजनिक संस्थान, प्राधिकरण, बोर्ड, समिति, आयोग, प्रतिष्ठान वा सार्वजनिक कम्पनीको सेवामा रहेको वा सेवा निवृत्त व्यक्तिको हकमा कम्तीमा राजपत्रांकित द्वितीय श्रेणी वा नवौं तहमा काम गरेको, (ङ) प्रचलित कानुनबमोजिम नियुक्ति हुन अयोग्य नठहरिएको।

**२. आवेदन साथ पेश गर्नुपर्ने प्रमाणित कागजातहरू**

(क) नियुक्त हुन चाहेको व्यहोरा खुल्ने आवेदन, (ख) व्यक्तिगत विवरण, (ग) निवेदकले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, (घ) अनुभव खुल्ने प्रमाणपत्रको प्रतिलिपि, (ङ) पाँच पृष्ठसम्मको सिलबन्दी व्यवसायिक कार्ययोजना, (च) कुनै विदेशी मुलुकको आवासीय अनुमति प्रत्र नलिएको स्वघोषणा, (छ) कुनै निकायमा कार्यरत रहेको भए आवेदन गर्ने पूर्व स्वीकृति।

**३. मूल्यांकनका आधारहरू**

(क) व्यवसायिक कार्ययोजना, (ख) कार्ययोजनाको प्रस्तुतिकरण, (ग) अन्तरवार्ता

**यस पदको कार्य तथा जिम्मेवारी खुलेको कार्यशर्त (Term of Reference) मन्त्रालयको वेवसाइट www.moewri.gov.np बाट प्राप्त गर्न सकिनेछ।**